# प्रदेश राजपत्र

प्रदेश नं. ३, प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड २) हेटौंडा, मकवानपुर, साउन १४ गते, २०७५ साल (अतिरिक्ताङ्क १२

## भाग ३

### प्रदेश सरकार

### आन्तरिक मामिला तथा कानून मन्त्रालय

### प्रदेश नं. ३, हेटौंडा

प्रदेश सरकारले प्रदेश आर्थिक ऐन, २०७५ को दफा ११ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी सोही ऐनको अनुसूचीमा देहाय बमोजिम हेरफेर गरेकाले यो सुचना प्रकाशन गरिएको छः-

(१) अनुसूची-१ (ग) विविधको बुंदा नं. १ पछि १ (क) थपिएको छ :-

"१(क) काठमाडौं उपत्यका भित्रका महानगरपालिका, उप-महानगरपालिका र नगरपालिका क्षेत्रभित्रको पारित हुने लिखतमा घरजग्गा रजिष्ट्रेशन शुल्कको सि.नं.१, २ र ३ मा उल्लेख गरिएको रजिष्ट्रेशन लिखतको थैली अंकको शून्य दशमलव पाँच प्रतिशत शुल्क **"बाग्मती सभ्यता क्षेत्र सुधार तथा विकास शुल्क असुल गरिनेछ"** ।"

(२) साविकको अनुसूची -५ मा उल्लेखित विषयको सट्टामा देहाएको विषय राखिएको छ :-

**अनुसूची - ५**

(दफा ९ सँग सम्बन्धित)

दहत्तर वहत्तर शुल्क

| सि.नं. | विवरण | इकाई | दर(संकलन शुल्क) | दर(बिक्री शुल्क) |
|---|---|---|---|---|
| १. | ढुङ्गा, चुनढुङ्गा, गिट्टी, बालुवा, स्लेट, ग्राभेल र रोडा घाटगद्दी एवं बिक्री (स्वीकृत खानी क्षेत्र बाहेक) | प्रति घन फिट | रु.३/- | रु.६/- |
| २ | माटो घाटगद्दी एवं बिक्री (स्वीकृत खानी क्षेत्र बाहेक) | प्रति घन फिट | पचास पैसा | रु.२/- |
| ३. | खानीजन्य उद्योगले आफैंले संकलन गरेको वस्तुमा बिक्री शुल्क मात्र लगाइनेछ। | | | |

| | |
|---|---|
| ४. | प्रदेश भित्र उत्पादन हुने सिमेन्टको हकमा कारखाना मूल्यको ०.२५ प्रतिशतका दरले प्राकृतिक श्रोत शुल्क लगाइने छ।(संघीय कानून बमोजिम चुनढुङ्गा खानीको अनुमति लिई सञ्चालनमा रहेका सिमेन्ट उद्योगलाई सि. नं. १ मा उल्लिखित चुनढुङ्गामा संकलन शुल्क र बिक्री शुल्क नलाग्ने ) |

**आज्ञाले,**
**राजकुमार श्रेष्ठ**
**प्रदेश सरकारको सचिव**



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू ५।-
गो.हु.द.नं. १६।२०६२।६३